SAHAS-NEPAL
सहास-नेपाल

# सहास समाचारपत्र



अङ्क ८ माघ २०६८



जैविक इन्धन प्रशिक्षण तालिम र विशेषज्ञ तालिम २



घर बगैंचा तालिमको सकारात्मक असर ३

## फिस्लिङ्ग दुर्घटनाका घाइतेहरूलाई राहत



गोर्खा जिल्लाको भूम्लिचोक र चितवनको फिस्लिङ्ग गा.वि.स. जोड्ने पूल गत कात्तिक महिनाको ५ गते दुर्घटनामा पर्दा २ जनाको घटनास्थल मै मृत्यु हुनुका साथै १ जना बेपत्ता र ३१ जना घाइते भएका थिए। सरकारी स्तरबाट क्षतिपूर्ति दिने प्रतिबद्धता आए पनि हालसम्म यस सम्बन्धमा भएका सहयोग तथा प्रयासहरू अपर्याप्त भएको र अस्पतालको उपचार खर्च तिर्न नसकेर घाइतेहरू भागेर आउनु परेको खबर पाएपछि यही पुष ९ गते सहास नेपालले २ सख्त घाइतेहरूलाई आर्थिक सहयोग गरेको छ। उक्त सहयोग वितरण कार्यक्रममा रमेश चेपाङ्ग र रस्मिला गुरूङ्ग प्रत्येकलाई नगद रू ५०,०००/- हस्तान्तरण गरिएको थियो। सहास नेपालका सल्लाहकार क्लाउडिया माह्नेकेले जर्मनीमा रहेका साथीहरू मार्फत रू २०,००० र सहास नेपालले आफ्नै संस्थागत कोषबाट रू ८०,०००/- गरी जम्मा रू १००,०००/- सहयोग गरेको थियो। कार्यक्रममा गोर्खा जिल्लाका प्रमुख जिल्ला अधिकारी कमल भट्टराईले प्रमुख अतिथिको भूमिका निर्वाह गर्नु भएको थियो। उक्त पूलको पुर्न निर्माणका लागि पहल गर्ने आश्वासन पनि उहाँले स्थानीय बासीहरूलाई दिनु भएको थियो। प्राप्त रकमबाट स्वास्थ्य उपचार गर्ने योजना रहेको रमेश चेपाङ्ग र रस्मिला गुरूङ्गले बताएका थिए।

## सन् २०१२ मा EED ब्रेड फर द वर्ल्डसँग मिल्ने

सहास नेपालका विभिन्न परियोजनाहरूलाई आर्थिक सहयोग गर्दै आएको जर्मनीको इ.इ.डी (EED) संस्था यही सन् २०१२ मा "ब्रेड फर द वर्ल्ड" नामक अर्को संस्थासँग मिल्ने भएको छ। दुबै संस्थाको मूल उद्देश्य गरीबहरूका पक्षमा काम गर्ने रहेकोले यो कदम चालिएको हो। सन् २००८ मा निर्णय गरे अनुसार दुबै संस्थाहरूले समान रूपमा विकासका गतिविधिहरूमा सहयोग पुऱ्याउने छन्। "ब्रेड फर द वल्ड" चर्च डेभ्लपमेन्ट सर्भिस को रूपमा नामाङ्कित उक्त संस्थाले आर्थिक सहयोग, अधिकार र समावेशिकरण, छात्रवृत्ति, परामर्श सेवा, प्रकोप व्यवस्थापन जस्ता कार्यहरू मार्फत चर्च, क्रिश्चियन र अन्य धर्म निरपेक्ष संस्थाहरूको विकास कार्यहरूलाई सहयोग पुऱ्याउने छ।

यस क्रममा इ.इ.डी (EED) ले आफ्नो कार्यालय हाल अवस्थित बोन (Bonn) शहरबाट जर्मनीको राजधानी बर्लिन (Berlin) मा यही जून (असार/श्रावण) महिनादेखि सार्ने भएको छ। २०१३ को अन्तिम सम्ममा यो काम पूरा हुने आशा गरिएको छ।

## खुल्ला दिशामुक्त क्षेत्र घोषणा

मुगुको माग्री गा.वि.स.का गाउँबासीको अगुवाई तथा सहास नेपाल सिफल्स परियोजनाको सहयोगमा यही २०६८ साल माघ १९ गते उक्त गाउँलाई खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गरिएको छ। चर्पी निर्माण समितिका देउराज बडुवालको संयोजकत्वमा सम्पन्न सो कार्यक्रममा रारा एफ.एम.का प्रतिनिधिका साथै किर्डाक नेपाल, विभिन्न राजनैतिक पार्टीका गा.वि.स. प्रतिनिधि, स्थानीय स्कूलका प्रधानाध्यापक/शिक्षक, स्वास्थ्य चौकीका सब इन्चार्ज, गा.वि.स.का भूपू अध्यक्ष तथा अन्य बुद्धिजीविको उपस्थिति रहेको थियो।

यसरी खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गर्ने कार्यक्रम मुगु जिल्लामा तेस्रो र माग्री गा.वि.स.मा दोस्रो रहेको छ। सो कार्यक्रमका लागि सहास नेपालले प्रत्येक घरमा चर्पी सहयोग र सोही गा.वि.स.मा सहास नेपालसँग आवद्ध दुई समूहलाई रू ५००० का दरले रू १०,०००/- व्यवस्था गरिएको थियो। करीब ५०० जनाको उपस्थितिमा सम्पन्न कार्यक्रममा गाउँलेहरूद्वारा सहभोजको पनि आयोजना गरिएको थियो।



## विभिन्न तालिम र गोष्ठीहरू



FELM-Nepal को सहयोग अनि संस्थागत विकास सञ्जाल र सहास नेपालको संयुक्त आयोजनामा पौष ७ देखि ९ सम्म ललितपुरमा दैविक प्रकोप व्यवस्थापन तालिम सम्पन्न भएको थियो। यस तालिममा सञ्जालबाट १२ र सहास नेपालबाट १५ जनाको सहभागिता थियो। भुकम्प, आगलागी, बाढी पहिरोबाट कसरी बच्ने र साधारण प्राथमिक उपचार कसरी गर्न सकिन्छ भन्ने बारेमा छलफल भएको थियो। यस तालिममा सामाग्री सहित फिल्डमा व्यवहारिक तरीकाले सिकाइएको हुनाले सहभागीहरूलाई विषय वस्तु बुझ्न सजिलो भएको थियो।

सहास नेपाल, स्त्री शक्ति र संस्थागत विकास सञ्जालको संयुक्त आयोजनामा मंसिर १९,२० र २१ मा चितवनको सौराहामा नागरिक शिक्षा परियोजना तेस्रो चरणको अभिमुखिकरण र पौरवी विषायक तालिम गरी ३ दिने गोष्ठी सम्पन्न भएको थियो। तीनवटा संस्थाहरूले १५ वटा जिल्लामा विगत ४ वर्ष देखि कार्यान्वयन गर्दै आइरहेको नागरीक शिक्षा परियोजनाको आगामी दुई वर्षको लागि इ.इ.डी जर्मनीबाट स्वीकृत भएको हुनाले आगामी समयमा गरिने कृयाकलापहरूको बारेमा अभिमुखीकरण गर्ने काम सम्पन्न भएको थियो।

FELM-Nepal को आयोजनामा कात्तिक २९ देखि मंसिर २ सम्म गोकर्ण रिर्सोटमा साझेदार संस्थाहरूको गोष्ठी सम्पन्न भएको थियो। यस गोष्ठीमा FELM-Nepal सँग साझेदार गरी नेपालमा कार्यरत १० वटा संस्थाहरूको सहभागिता थियो। वार्षिक रूपमा आयोजना हुने यस गोष्ठीमा संस्थाहरूले कार्यान्वयन गरेका परियोजनाहरूको प्रस्तुतिकरण र विभिन्न विकास सम्बन्धी विषयहरू जलवायु परिवर्तन, मानव अधिकार र FELM-Nepal को भविष्यको योजना र निर्देशिकाहरूको बारेमा समेत छलफल भएको थियो। यस गोष्ठीमा अन्य संस्थाहरूसँग सम्बन्ध विस्तार र समन्वय गर्नुका साथै FELM-Nepal को अवस्थाको बारेमा जान्ने मौका भएको थियो। सहास नेपालका निमित्त कार्यकारीणी निर्देशक सवन कुमार श्रेष्ठ, प्रशासन तथा वित्तिय अधिकृत सोमाया गुरूङ्ग र इल्लिप परियोजना संयोजक काशिनाथ चिलवालको सहभागिता थियो।



## जैविक इन्धन प्रशिक्षण तालिम (ToT) र विशेषज्ञ तालिम

सहास नेपाल र पिडाको संयुक्त आयोजनामा २०६८ पुष २ देखि ५ गतेसम्म एभरेष्ट बायोडिजल कम्पनी चुम्लिङ्गटार चितवनको सजिवन अनुसन्धान केन्द्रमा २ प्रकारका तालिमहरु सम्पन्न भएको थियो।

ओखलढुंगाका अगुवा किसानहरू मार्फत सजिवन खेती सम्बन्धी ज्ञान र सीप समुदायका अन्य किसानहरूसम्म पुर्‍याउने उद्देश्यले उक्त तालिम दिइएको थियो। सजिवन खेतीका प्राविधिक पक्षमा केन्द्रित रहनुका साथै उत्पादित तेलको प्रशोधन र बजारीकरण सम्बन्धी पनि तालिम दिइएको थियो। यस तालिम मार्फत सजिवन खेतीका सम्बन्धमा अझ गहिरिएर अध्ययन गर्ने मौका सहभागीहरूले पाएका थिए।



### विशेषज्ञ तालिम:

यस जैविक इन्धन परियोजना ( Biofuel Consolidation Project) लाई कार्यन्वयन गर्ने सहास नेपाल र पिडाका कर्मचारीहरूलाई ध्यानमा राखेर सोही अवसरमा एक दिने विशेषज्ञ तालिम पनि दिइएको थियो। सजिवन खेती प्रविधिमा भएका प्रगतिका साथै अर्न्तराष्ट्रिय स्तरमा नीतिगत कुराहरूका लागि गठन भएका मञ्चहरूका बारेमा सहभागीहरूलाई जानकारी दिइएको थियो। नेपाली परिप्रेक्ष्यमा भन्नु पर्दा अझ पहाडी भेगहरूमा यस सम्बन्धी नयाँ प्रविधिहरू भित्राएर कसरी प्रभावकारी ढङ्गबाट सद्धुपयोग गर्न सकिन्छ भन्ने ज्ञान सहभागीहरूले पाएका थिए।

नेपालमा सजिवन खेती सम्बन्धी विस्तृत अध्ययन गरेका विशेषज्ञ डा. खेम राज भट्टराईले यी दुबै तालिमका सहजकर्ताको भूमिका निर्वाह गर्नु भएको थियो।



# घर बगैंचा तालिमको असर



बिमला स्याङ्जुङ्ग दक्षिण ललितपुरको नल्लु गा.वि.स मा रहेको खोतर सुनौलो कृषक समूहका मेहनती कृषक हुन्। सहास नेपालको लिफ्ट परियोजनाद्वारा आयोजित ३ दिने घर बगैंचा तालिममा सहभागी भएपछि उनको जीवनमा धेरै सकारात्मक परिवर्तनहरू देखिन थालेका छन्।

तालिमपछि उनले आफ्नो बगैंचामा २० देखि २२ जातिका विभिन्न तरकारी तथा फलफूलका बोट विरूवा लगाएकी छिन्। पहिले पहिले तोरी र मूला मात्र लगाउँदै आएकी बिमला अहिले आफ्नो बारीमा थरीथरीका तरकारी र फलफूलका बोट देखेर मख्ख छिन्। यसले उनको बारीमा जैविक विविधता बढाउनुका साथै पसलबाट तरकारी किनेर खानु पर्ने बाध्यता पनि हटाइ दिएको छ।

उनले गाई वस्तुको गोबर र मुत्र संकलन गर्नका लागि नजिकै एउटा ड्रम पनि राखेकी छिन्। यसरी जम्मा भएको मल र मुत्रलाई उनले जैविक विषादीका रूपमा प्रयोग गर्दै आएकी छिन्। यसले गर्दा रासायनिक विषादी किन्नु नपरेको उनले बताइन्। यसै गरी खाना पकाउँदा, लुगा/भाँडाकुँडा धुँदा निस्केको फोहोर पानी संकलन गरेर यसको सदुपयोग पनि गर्ने गरेकी छित्। साथै इफेक्टिभ माइको अर्गानिजम (EM) प्रयोग गरेर कम्पोष्ट मल बनाएर प्रयोग गर्दा तरकारी पनि राम्रो भएको उनले बताएकी छिन्। उनकी ७० वर्षीय आमा अचेल यही बारीको हेरचाह गरेर दिन बिताउने गर्छिन्। बुढेसकालमा समय सदुपयोग गर्न यो एउटा राम्रो अवसर भएको कुरा उनकी आमाले सुनाइन्।

समुदायका अन्य सदस्यहरूका लागि यो बारी एउटा नमूना बारी भएको छ।

उनले जसरी नै अन्यले पनि आफ्नो घर बगैंचामा विभिन्न जात जातिका बोट विरूवा लगाउने चाहना देखाएपछि उनी खुशी साथ आफूसँग रहेको ज्ञान र सीप अरूलाई बाँड्ने कुरा बताउछिन्।

# कालिकोटका किसानका कथा



पश्चिम नेपालको दुर्गम जिल्ला कालीकोटका राम्नाकोट गा.वि.स.मा शिक्षण पेशा गर्दै आइरहेका दलसुर शाहीले आज आफूलाई स्याउ खेती गरी एक सफल कृषकका रूपमा स्थापित गरेका छन्। सहास नेपालको सिफल्स् परियोजनाले आयोजना गरेको ५ दिने जाम, जेली र जुस बनाउने तालिममा सहभागी भएपछि उनले अझ विस्तृत रूपमा स्याउ खेती र यसबाट बनाउन मिल्ने उत्पादनहरूको बारेमा थप ज्ञान हासिल गर्नका लागि सहास नेपालकै सहयोगमा आयोजित फोइमहादेब गा.वि.स.मा ४ दिने अध्ययन भ्रमणमा गए।

तालिम र भ्रमणबाट प्रेरित भएर उनले आफ्नै बारीमा रहेका स्याउबाट जाम, जेली र जुस बनाउन थाले। यसरी उत्पादित उत्पादनहरूको व्यवस्थित बजार नभएको अवस्थामा उनले आफै जुम्ला, नाग्मा, मान्मा र काठमाण्डौ सम्म पनि पुगेर आफ्ना उत्पादनहरू बेचे। यसरी बेचे वापत उनले एक सिजनमा रू ३५००० सम्म आम्दानी गरेका छन्। यसरी भएको आम्दानीबाट उनले आफ्नो स्याउ बगैंचालाई अझ व्यवस्थित गर्न र नयाँ बेर्नाहरू किन्नमा लगानी गरेका छन्। उनको यस पाइलाबाट भविष्यमा पनि यही क्षेत्रलाई आत्मसाथ गर्ने उनको उद्देश्य रहेको बुझिन्छ।

यति मात्र नभएर जिल्लाको सदरमुकाम मान्मामा आयोजना गरिएको कृषि उत्पादन प्रदर्शनी मेलामा उनको उत्पादनलाई पुरष्कृत पनि गरिएको थियो। यसपछि कालीकोट जिल्लाको पलाटा क्षेत्रमा आफ्नो काम, मेहनत र लगनताका लागि उनी चर्चित पनि भएकाले गाउँ सभाले उनलाई रू १००,००० दिएर सम्मान गरेको थियो।

आज उनी कालीकोट जिल्लाका नमूना कृषक बनेका छन्।

# सहास समाचारपत्र

अङ्क ८ माघ २०६८




# ल्होसार २०६८ का उपलक्ष्यमा मुगुमा विभिन्न कार्यक्रम / प्रतियोगिता सम्पन्न

मुगु जिल्लाको टोप्ला समूह र लालीगुराँस किसान समूह माग्रीको संयुक्त आयोजना तथा सहास नेपालको सहयोगमा यही २०६८ साल माघ १५- १७ गते सम्म चेतनामूलक अन्तर समूह देउडा तथा हाजिरीजवाफ प्रतियोगिता सम्पन्न गरिएको थियो। ल्होसारको अबसरमा आयोजित सो कार्यक्रममा करीब १५०० जनाको उपस्थिति रहेको थियो। विभिन्न राजनैतिक दलका गा.वि.स. प्रतिनिधि, गाउँ प्रतिनिधि, स्थानीय स्कूलका प्रधानाध्यापक तथा शिक्षक, गा.वि.स. स्तरीय स्वास्थ्य चौकीका प्रतिनिधि प्रहरी चौकीका प्रतिनिधि, भु.पू. गा.वि.स. अध्यक्ष सञ्चारकर्मी तथा अन्य गाउँबासी उपस्थित थिए। सरसफाई, आधुनिक खेती प्रविधि, खाद्य सुरक्षा जस्ता चेतनामूलक विषयमा सहभागीहरूले देउडा प्रस्तुत गरेका थिए। ल्होसारको उपलक्ष्यमा धनुषवाण प्रतियोगिता र मैत्रीपूर्ण भलिबल प्रतियोगिताको पनि आयोजना गरिएको थियो।

यसरी ल्होसार पर्वको उपलक्ष्यमा आयोजित उक्त ३ दिने कार्यक्रमका बारेमा रारा एफ एम.को कर्णाली सेरोफेरो कार्यक्रम तथा विभिन्न स्थानीय एफ एम.ले समाचार प्रस्तुत गरेका थिए।



## खाद्य अधिकार अभिमुखीकरण तालिम २०६८



फियान-नेपाल र सहास नेपाल, सिफल्स परियोजना मुगुको संयुक्त आयोजनामा यही पौष ३ देखि ५ गते सम्म खाद्य अधिकार अभिमुखीकरण तालिम सञ्चालन भएको थियो। मुगु जिल्लामा खाद्य सुरक्षा तथा खाद्य अधिकारको क्षेत्रमा काम गरिरहेका विभिन्न संस्थाका परियोजना प्रमुखहरू, विभिन्न राजनैतिक दलका जिल्ला प्रतिनिधिहरू, जिल्लामा कार्यरत सञ्चारकर्मीहरू तथा समाजका अन्य बौद्धिक वर्गको उपस्थितिमा आयोजित सो कार्यक्रमको मुख्य उद्देश्य नेपालमा खाद्य अधिकार र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको परिस्थितिको बारेमा जानकारी र छलफल गराउनु तथा जिल्लाको खाद्य अवस्थाको बारेमा जानकारी, छलफल तथा बहस गराउनु रहेको थियो। सो कार्यक्रम फियान नेपालको कार्यक्रम अधिकृत इन्दिरा शंकर र वोर्ड सदस्य तथा अधिवक्ता सत्य त्वयानाको सहजीकरणमा सञ्चालन भएको थियो भने जिल्ला खाद्य सुरक्षाका बारेमा जानकारी गराउन जिल्ला कृषि कार्यालय प्रमुख केशब अधिकारीलाई आमन्त्रित गरिएको थियो। कार्यक्रमको व्यवस्थापन सहास नेपाल मुगुले गरेको थियो।

कार्यक्रमको अन्तिम दिनमा मुगु जिल्लामा भइरहेको विभिन्न खाद्य अधिकार सम्बन्धी मुद्दाहरूको पहल गर्न जिल्ला खाद्य अधिकार सञ्जाल गठन भएको थियो। सो सञ्जाल खुल्ला सञ्जाल भएकोले सो सञ्जालमा विभिन्न संस्था तथा संस्थाका व्यक्तिहरू सदस्य रहन सक्ने व्यवस्था गरिएको थियो। सञ्जालको सचिवालय सञ्चालन गर्न मुगु जिल्लामा कार्यरत स्थानीय गै.स.स जनसामुदायिक सेवा केन्द्र मुगुलाई जिम्मा दिइएको छ।

## हार्दिक बधाई



मिति २०६८ भाद्र २३ गते शिक्षा दिवसको अवसरमा यस सहयोगी हातहरुको समूह (सहास) नेपालमा कार्यरत दस्तावेजीकरण अधिकृत विनीता गुरुङ ज्यूले त्रिभुवन विश्वविद्यालयबाट कृषि विज्ञान स्नातक तहमा सर्वोत्कृष्ट अङ्क ल्याई प्रथम भई "ग" श्रेणीको नेपाल विद्याभूषण पदक प्राप्त गर्नु भएकोमा यस संस्थाका सम्पूर्ण सदस्यहरुको तर्फबाट हार्दिक बधाईका साथ प्रगतिको कामना गर्दछौं।

ब्रह्मध्वज गुरुङ
अध्यक्ष

**तथा सहयोगी हातहरूको समूह (सहास) नेपाल**

**परिवार**


**सहयोगी हातहरूको समूह (सहास) नेपाल**

पोष्ट बक्स : ८९७५ इपीसीः १५९० ललितपुर

फोन : ००९७७-१-५५२३७७६ फ्याक्स:९७७-१-५५२३३०३

इमेलः sahasnepal@wlink.com.np वेभ साइटः www.sahasnepal.org.np